नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्यास नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np


पत्र संख्या : ०८०/८१
चलानी नं.

मिति : २०८०/०५/२४

## अत्यन्त जरुरी सूचना !

जल तथा मौसम विज्ञान विभाग, पूर्वानुमान महाशाखाको मिति २०८०।०५।२४ गतेको बुलेटिन अनुसार मिति २०८०।०५।२४ गते आइतबार देखि मिति २०८०।०५।२६ गते मंगलबारसम्म कर्णाली प्रदेशका विभिन्न स्थानहरुमा मेघ गर्जन/ चटयाङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेकाले आइतबार देखि मंगलबारसम्म कालीकोट जिल्लामा पनि भारी वर्षा हुन सक्ने, तिला कर्णाली, हुम्ला कर्णाली लगायत अन्य नदीनाला, खोला खोल्सामा पानीको सतह र बहाव बढ्न सक्ने, विभिन्न स्थानमा बाढी पहिरो आउन सक्ने, विद्युत सञ्चार, खानेपानी, यातायात अवरुद्ध हुन सक्ने, विभिन्न भौतिक संरचनामा क्षति पुग्न सक्ने एवम् दैनिक जनजीवन समेत प्रभावित हुन सक्ने भएकाले सम्पूर्ण कालीकोट जिल्लावासी एवम् सबै सरोकारवालाहरुमा उच्च सतर्कता अपनाउन तथा सुरक्षित बसोबासको पूर्व तयारी समेत गर्नुहुन हार्दिक अनुरोध गरिन्छ। साथै हुम्ला कर्णाली र तिला कर्णाली नदीका तटीयं क्षेत्रमा रहेका मानव बस्तीहरु, खाँडाचक्र नगरपालिका वडा नं.१ स्थित जिरोप्वाइन्ट क्षेत्र लगायत विभिन्न पालिकामा रहेका बाढी पहिरोका दृष्टिले उच्च जोखिममा रहेका बस्तीहरुमा उच्च सतर्कता अपनाउन र सुरक्षित बसोबासको पूर्वतयारी समेत गर्नहुन कालीकोट जिल्लास्थित सबै स्थानीय तहहरुमा अनुरोध छ।

..............................
(सरोज अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी